नेपाल राष्ट्र बैंक

केन्द्रीय कार्यालय

विदेशी विनिमय व्यवस्थापन विभाग

**इ.प्रा.परिपत्र संख्या : २४/२०७५-७६** **मितिः २०७५/११/२२**

श्री नेपाल राष्ट्र बैंक, बैकिङ्ग कार्यालय लगायत सम्पूर्ण कार्यालयहरू, इजाजतपत्र प्राप्त "क" र "ख" वर्गका बैंक/वित्तीय संस्थाहरू तथा अन्य इजाजतपत्रप्राप्त संस्थाहरु

**विषय : एकीकृत परिपत्र - २०७४ मा संशोधन गरिएको सम्बन्धमा।**

महाशय,

विदेशी विनिमय कारोवार गर्न इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था र अन्य निकायहरुलाई जारी गरिएको एकिकृत परिपत्र-२०७४ मा देहाय बमोजिम संशोधन तथा थप गरिएको हुँदा सोही वमोजिम गर्नु/गराउन हुन विदेशी विनिमय नियमित गर्ने ऐन, २०१९ (संशोधन सहित) को दफा-१२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ।

१. **एकीकृत इ.प्रा. परिपत्र, २०७४ को ई.प्रा. परिपत्र १८/२०७४ को बुँदा १, खण्ड (ङ) अन्तर्गत बुँदा (४) को विद्यमान वाक्यांशलाई देहाय बमोजिम संशोधन/परिमार्जन गरिएको छ।**

आफ्नो खाताबाट व्यक्तिगत खातावालले नगदै परिवर्त्य विदेशी मुद्रा झिक्न चाहेमा कुटनीतिक हैसियत प्राप्त व्यक्तिहरूलाई नगदमै पनि भुक्तानी दिन सकिने छ। साथै, विभिन्न दुतावास तथा कुटनीतिक नियोगमा कार्यरत भिसाप्राप्त गैर-कुटनीतिक विदेशी कर्मचारीहरुलाई आफ्नो व्यक्तिगत परिवर्त्य विदेशी मुद्रा खाताबाट प्रति महिना नगदमा यु.एस.डलर ५,००।- वा सो बराबरको रकमसम्म भुक्तानी दिन सकिनेछ। अन्य खातावालको हकमा विदेश जानु परेको अवस्थामा मात्र प्रचलित व्यवस्था बमोजिम नगदमा यु.एस.डलर ५,००।- वा सो बराबरको रकमसम्म भुक्तानी दिन सकिनेछ। विदेश जानु परेको अवस्थामा सो भन्दा बढीको नगद सटही दिनु परेको खण्डमा औचित्यको आधारमा सम्बन्धित बैंक तथा वित्तीय संस्थाको शाखा/कार्यालय प्रमुखले स्वीकृति दिएमा यस्तो सटही प्रदान गर्न सकिनेछ।

यसरी नगदमा भुक्तानी गर्दा नगद नोटहरू पछि Counterfeit ठहरिएमा खातावाल स्वयम् जिम्मेवार हुनु पर्ने व्यहोराको शर्त राखी भुक्तानी गर्नु पर्नेछ।

भवदीय,

(भिष्मराज ढुंगाना)
कार्यकारी निर्देशक

बोधार्थ:

१. श्री गभर्नरको कार्यालय
२. श्री डेपुटी गभर्नरको कार्यालय
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा
४. श्री नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
५. श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय।
६. श्री नेपाल सरकार, गृह मन्त्रालय, अध्यागमन विभाग
७. श्री नेपाल सरकार, राजश्व अनुसन्धान विभाग
८. श्री नेपाल सरकार, भन्सार विभाग
९. श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग
१०. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग
११. श्री नेपाल राष्ट्र बैंक, विकास वैंक सुपरिवेक्षण विभाग
१२. श्री नेपाल राष्ट्र बैंक, आन्तरिक लेखा परीक्षण विभाग
१३. श्री नेपाल बैंकर्स संघ
१४. श्री डेभलपमेण्ट बैंकर्स एशोसिएसन
१५. श्री नेपाल उद्योग वाणिज्य महासंघ
१६. श्री नेपाल उद्योग परिसंघ
१७. श्री नेपाल चेम्बर अफ कमर्श